रौतामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भुट्टार, उदयपुर
१ नं.प्रदेश, नेपाल

प्रथम पटक प्रकाशित मिति : २०७६।०९/०९

## विषय : कर्मचारी आवश्यकता सम्बन्धी सूचना ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको चालु आ.व.मा गरिब घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम संचालन गर्न गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ बमोजिम यस गाउँपालिकाको लागि ४ जना गणक र १ जना सुपरिवेक्षक करार सेवामा आवश्यक परेकोले निर्धारित योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्रमा गाउँपालिकाको कार्यालयमा दरखास्त पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | पद | विज्ञापन नं. | माग पद संख्या | परीक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | गणक(सहायक चौथो) | ०४।२०७६।०७७ | ४ | ३००। | |
| २ | सुपरिवेक्षक (सहायक पाँचौ) | ०५।२०७६।०७७ | १ | ५००। | |

**गणकको लागि आवश्यक योग्यता**

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र (मानविकी) वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको ।
२. १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
३. आवेदकको संख्या माग भन्दा बढी भएमा स्थानीय तहका बासिन्दालाई प्राथमिकता दिईने छ ।

**सुपरिवेक्षकको लागि आवश्यक योग्यता**

१. मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्याङ्कशास्त्र वा जनसंख्या वा अर्थशास्त्र (मानविकी) वा गणित विषय सहित कुनै विषयमा कम्तिमा स्नातक वा सो सरह उत्तीर्ण गरेको र कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको ।
२. १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
३. आवेदकको संख्या माग भन्दा बढी भएमा स्थानीय तहका बासिन्दालाई प्राथमिकता दिईने छ ।

नोट : गणक वा सुपरीवेक्षकको पदावधि निजहरुको नियुक्ति भएको मितिले बढीमा ५ (पाँच) महिना सम्म कायम रहने छ । निजहरुले उक्त अवधिमा गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका २०७५ मा उल्लेख भए बमोजिमको कार्य अनिवार्य रुपमा सम्पन्न गर्नु पर्ने छ ।

२०७६।०९।०९
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत